गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

आर्थिक वर्ष: ५ | अंक: ३७ | महिना: ३७ | माघ २०८२

मिति २०८२ साल माघ २९ गते न्यू एभरेष्ट एकेडेमी बागलुडको ग.२.च.८६२१ नम्वरको स्कुल बस बागलुड नगरपालिका वडा नं. ३, हाडेपाखामा दिनको ४:३० बजे भएको दुखद दुर्घटनामा घाइते भएका विरामीहरुको बिवरण देहाय बमोजिम रहेको छ।

सम्पूर्ण घाईतेको शिघ्र स्वास्थ्य लाभको कामना एवं मृतक प्रति हार्दिक श्रद्धाञ्जलि

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**धौलागिरी प्रादेशिक अस्पताल**

पत्र संख्या : २०८२/०८३ | ०६८-५२०२८८

मिति:- २०८२/१०/२९
नेपाल संवत : ११४६

## विज्ञप्ति

मिति २०८२ साल माघ २९ गते न्यू एभरेष्ट एकेडेमी बागलुङको ग.२.च.८६२१ नम्वरको स्कुल बस बागलुङ नगरपालिका वडा नं. ३, हाडेपाखामा दिनको ४:३० बजे भएको दुखद दुर्घटनामा घाइते भएका विरामीहरुको बिवरण देहाय बमोजिम रहेको छ।

| क्र.स. | विरामीको नाम थर | कैफियत |
|---|---|---|
| १. | अनिता किसान | यस अस्पतालमा उपचाररत रहेको |
| २. | अलिना किसान | यस अस्पतालमा उपचाररत रहेको |
| ३. | मुस्कान किसान | यस अस्पतालमा उपचाररत रहेको |
| ४. | रोविन्स किसान | यस अस्पतालमा उपचाररत रहेको |
| ५. | निक्सम वोहोरा | यस अस्पतालमा उपचाररत रहेको |
| ६. | उमंग किसान | यस अस्पतालमा उपचाररत रहेको |
| ७. | सुमित गैरे | यस अस्पतालमा उपचाररत रहेको |
| ८. | अनिस वोहोरा | यस अस्पतालमा उपचाररत रहेको |
| ९. | अनन्या किसान | यस अस्पतालमा उपचाररत रहेको |
| १०. | रोशनी वोहोरा | यस अस्पतालमा उपचाररत रहेको |
| ११. | सुप्रिया किसान | यस अस्पतालमा उपचाररत रहेको |
| १२. | सान्वी किसान | यस अस्पतालमा उपचाररत रहेको |
| १३. | शिव किसान | यस अस्पतालमा उपचाररत रहेको |
| १४. | समिक्षा गैरे | यस अस्पतालमा उपचाररत रहेको |
| १५. | सेमुल थापा | यस अस्पतालमा उपचाररत रहेको |
| १६. | निश्मा खड्का | यस अस्पतालमा उपचाररत रहेको |
| १७. | वीर वहादुर थापा मगर | यस अस्पतालमा उपचाररत रहेको |
| १८. | आयना वोहोरा | यस अस्पतालमा उपचाररत रहेको |
| १९. | सारिका वोहोरा | यस अस्पतालमा उपचाररत रहेको |
| २०. | आयुष वोहोरा | मणिपाल शिक्षण अस्पताल, रिफर |
| २१. | आयान वोहोरा | मणिपाल शिक्षण अस्पताल, रिफर |
| २२. | निकित किसान | मणिपाल शिक्षण अस्पताल, रिफर |
| २३. | सोलुमन रसाइली | मणिपाल शिक्षण अस्पताल, रिफर |
| २४. | सुजल छन्त्याल | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, रिफर |
| २५. | संगम किसान | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, रिफर |
| २६. | अमन वोहोरा | मृत्यु |

अस्पताल प्रशासन
धौलागिरी प्रादेशिक अस्पताल
बागलुङ

Email : dhaulagiri.hospital@gmail.com | Website : dph.gandaki.gov.np

Scanned with CamScanner

## एच.पि.भी. खोप अभियान २०८२

बागलुङ जिल्लामा कक्षा ६ मा अध्यनरत कुल २ हजार २९१ छात्राछात्रा र विद्यालय बाहिर रहेका ११ जना गरी कुल २ हजार ३ सय २ जना बालिकालाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभि खोप लगाइने भएको छ। जिल्लामा कुल १८३ सामुदायिक विद्यालय, ३४ वटा संस्थागत विद्यालय, ३ वटा अन्य विद्यालय गरी कुल २२० वटा विद्यालयका साथै अन्य समुदायकि स्तरका खोप केन्द्र गरी कुल २९७ वटा खोप केन्द्र मार्फत बालिकालाई खोप प्रदान गरिने छ।

बागलुङ नगरपालिकाभित्र फागुनको १० गतेदेखि १५ गते सम्म, गलकोट नगरपालिकामा फागुन १ देखि ५ गते सम्म, ताराखोला गाउँपालिकामा ४ र ५ गते सम्म, ढोरपाटन नगरपालिकामा, बडीगाड गाउँपालिका र निसिखोला गाउँपालिकामा १० देखि १४ गते सम्म, जैमिनी नगरपालिका, बरेङ गाउँपालिका, काठेखोला गाउँपालिका र तमानखोला गाउँपालिकामा १० देखि १२ गतेसम्म खोप संचालन गरिने भएको छ।




गत वर्ष अभियानको रुपमा संचालन गरिको एच.पि.भी. खोप यस वर्ष देखी नियमित खोपको रुपमा संचालनमा आएको छ । गत वर्ष जिल्लामा ६ देखी १० कक्षा सम्म अध्ययनरत ९८ प्रतिशत र विद्यालय नजाने १० देखी १४ वर्षे उमेर समुहका ८५ प्रतिशत किशोरीलाई यो खोप प्रदान गरिएको थियो ।

नेपालमा हरेक वर्ष दुई हजार १६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुने अनुमान गरिएको छ । महिलामा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो मुख्य कारण रहेको र क्यान्सरबाट महिलाको मृत्यु हुने पहिलो मुख्य कारण रहेको छ । पाठेघरको मुखको क्यान्सरको मुख्य कारण ह्यूमन प्यापिलोमा भाइरसको संक्रमण हुनु हो । यो भाइरस २०० भन्दा धेरै प्रजातिका हुन्छन् तर मानव शरीरमा क्यान्सर गराउने प्रजातिहरू १२ प्रकारका हुन्छन् । ती मध्ये सबैभन्दा बढी जोखिम प्रकारका प्रजातिहरू १६ र १८ हुन् । नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर १६ र १८ प्रजातिहरूबाट भएको देखिन्छ ।

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### एच.पि.भी. खोप सम्बन्धी अन्तरक्रिया एवं योजना गोष्ठी कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१०/०६ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको सभा हलमा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत एच.पि.भी. खोप अभियान २०८१ को समिक्षा तथा नियमित खोपमा एच.पि.भी. खोप सम्बन्धी अन्तरक्रिया एवं योजना गोष्ठी कार्यक्रम सम्पन्न गरिएको छ ।

गत आर्थिक वर्षमा संचालित महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर रोग विरुद्धको एच.पि.भी. खोप अभियान २०८१ सँग सम्बन्धित विभिन्न क्रियाकलापहरुको समीक्षा गरी त्यसको निस्कर्ष र सिकाईहरुलाई अवलम्बन गर्दै यस आर्थिक वर्ष ०८२/८३ देखि नियमित खोपमा समावेश भई फागुन महिनामा संचालन हुन गईरहेको एच.पि.भी. खोप कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न कार्ययोजना तयार गर्ने, स्वास्थ्य र शिक्षाबीचको समन्वय र सहकार्यलाई तिव्रता दिई नियमित खोप सेवा सुदृढिकरण गर्ने तथा विद्यालय पूर्ण खोपको अवधारणालाई सफल पार्ने र महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर र एच.पि.भी. खोपको बारेमा जानकारी गराउने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन गरिएको हो ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख एवं जनस्वास्थ्य प्रशासक आदरणीय श्री प्रविण शर्मा ज्यूको अध्यक्षतामा संचालित उक्त कार्यक्रमको संचालन प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर श्री राजु खत्रीले गर्नुभएको थियो भने जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले स्वागत मन्तव्य राख्नुभएको थियो । धौलागिरी प्रादेशिक अस्पतालका स्त्री रोग विशेषज्ञ डा. विजय ओझा, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे र खोप सुपरभाइजर श्री राजु खत्रीले सहजिकरण गर्नुभएको उक्त कार्यक्रममा दशवटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरु, शिक्षा शाखा प्रमुखहरु र पालिका खोप फोकल पर्सनहरुको सहभागीता रहेको थियो ।






## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### स्वास्थ्य व्यवस्थापन एवम सुचना प्रणाली (HMIS) को डिजिटाइजेसन (eHMIS/DHIS) सम्बन्धी अभिमुखिकरण

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा मिति २०८२/१०/०७,८ र ९ गते स्वास्थ्य व्यवस्थापन एवम सुचना प्रणाली (HMIS) को डिजिटाइजेसन (eHMIS/DHIS) सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ। ढोरपाटन नगरपालिकाको सभाहलमा सम्पन्न गरिएको उक्त कार्यक्रममा ढोरपाटन नगरपालिका,बडिगाड गाउँपालिका, तमानखोला गाउँपालिका एवम निसिखोला गाउँपालिकाका २४ जना स्वास्थ्यकर्मिको सहभागिता रहेको थियो।

उक्त कार्यक्रमको औपचारिक सत्रको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य प्रशासक श्री प्रवीण शर्माले गर्नुभएको थियो भने कार्यक्रमको संचालन जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले गर्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथिको रुपमा ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री चिरञ्जीवी घिमिरे रहनुभएको थियो भने अतिथिको रुपमा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका तथ्यांक अधिकृत श्री घनश्याम सापकोटा, ढोरपाटन नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री भुमिश्वर शर्मा, एवम प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेको उपस्थिति रहेको थियो। कार्यक्रम पश्चात स्वास्थ्य व्यवस्थापन एवम सुचना प्रणाली अन्तर्गतको तथ्यांक व्यवस्थापन, गुणस्तर, एवम तथ्यांकमा आधारित योजना निर्माण एवम कार्यक्रम सम्पन्न गर्न सहज हुने अपेक्षा गरिएको छ।





| प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम |
| --- |
| स्वास्थ्यकर्मिहरुको निरन्तर क्षमता अभिवृद्धिको लागि CPHE (Continue Public Health Education) कार्यक्रम |

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा मिति २०८२/१०/०९ गते स्वास्थ्यकर्मिहरुको निरन्तर क्षमता अभिवृद्धिको लागि CPHE (Continue Public Health Education) कार्यक्रम अन्तर्गत "प्रजनन रुग्णता" सम्बन्धि सेसन संचालन गरेको छ। बुर्तिबाङ अस्पतालका स्त्री रोग विशेषज्ञ डा.दिनेश थापाको सहजीकरणमा ढोरपाटन नगरपालिकामा उक्त कार्यक्रम सम्पन्न गरिएको हो। २३ जना स्वास्थ्यकर्मीको सहभागिता रहेको उक्त कार्यक्रममा बुर्तिबाङ अस्पतालमा आउने सेवाग्राहीको प्रजनन स्वास्थ्य समस्या, अस्पताल एवम स्वास्थ्य संस्थाको समन्वयकारी भुमिका, विभिन्न सर्ने एवम नसर्ने रोगको खोजपड्ताल, नियन्त्रण एवम उपचार गर्दा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने कर्मचारीको जिज्ञासा एवम बुर्तिबाङ अस्पतालले प्रदान गर्ने सेवा बारे छलफल गरिएको थियो। उक्त सेसन पश्चात् बागलुङ जिल्लाको पश्चिम् भेगको रिफरल सेन्टरको रुपमा रहेको बुर्तिबाङ अस्पताल एवम क्याचमेन्ट एरियाका स्वास्थ्य संस्था बिच समन्वय बढी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान हुने अपेक्षा गरिएको छ।




| प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम |
| --- |
| महिला स्वास्थ्य स्वयंसेविका (FCHVs) हरूको लागि MPDSR सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम |

मिति २०८२/१०/१२ गते प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा बागलुङ नगरपालिकामा कार्यरत समुदायिक महिला स्वास्थ्य स्वयंसेविका (FCHVs) हरूको सहभागितामा MPDSR सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ। कार्यक्रम बागलुङ नगरपालिकाभित्र आयोजना गरिएको थियो।नेपालमा मातृ तथा नवजात शिशु मृत्यु न्यूनीकरण राष्ट्रिय स्वास्थ्य क्षेत्रको प्रमुख प्राथमिकता हो। यसै सन्दर्भमा मातृ तथा पेरिनेटल मृत्युका कारण पहिचान गरी समयमै सुधारात्मक कदम चाल्न Maternal and Perinatal Death Surveillance and Response (MPDSR) प्रणाली लागू गरिएको छ। समुदाय स्तरमै सही सूचना संकलन र रिपोर्टिङ सुनिश्चित गर्न समुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका अत्यन्त महत्वपूर्ण हुने भएकाले यो अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो। यस

अभिमुखीकरण कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका कर्मचारीहरु , बाग्लुङ नगरपालिकामा कार्यरत कर्मचारीहरु , विभिन्न संघ सस्था र बागलुङ नगरपालिका भित्र कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुको उपस्थितीमा सम्पन्न गरिएको थियो।






## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### महिला सामुदायिकम स्वास्थ्य स्वयसेवीकाहरुको आधारभुत तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना तथा गलकोट नगरपालिकाको समन्वयमा मिति २०८२/१०/१२ गते देखि २०८२।१०।२१ गते सम्म महिला सामुदायिकम स्वास्थ्य स्वयसेवीकाहरुको आधारभुत तालिम संचालन गरिएको छ। उक्त कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यालय प्रमुख जनस्वास्थ्य प्रशासक श्री प्रविण शर्माको अध्यक्षता रहेको थियो।

कार्यक्रममा अस्पताल नर्सिङ निरिक्षक रिमा बसेल, जनस्वास्थ्य निरिक्षक अनिता कार्की,NGDF कि सामाजिक परिचालिका सृजना वि.क सहित गलकोट नगरपालिका भित्रका विभिन्न वडाहरुबाट आधारभुत तालिम लिन बाँकी १९ जना महिला सामुदायिक स्वास्थ्य स्वयम सेवीका उपस्थिति रहेको थियो। १० दिने आधारभूत तालिम कार्यक्रम पश्चात् महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले गर्नुपर्ने भूमिकाहरू प्रभावकारी ढंगले गर्न सक्ने गरि उनीहरूको सीप तथा क्षमता विकास गर्ने उद्देश्यले यस तालिमको शुभारम्भ गरिएको छ।





## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### स्वास्थ्यकर्मिको निरन्तर क्षमता अभिवृद्धिको लागि Continue Public Health Professional Education कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा स्वास्थ्यकर्मिको निरन्तर क्षमता अभिवृद्धिको लागि Continue Public Health Professional Education कार्यक्रम अन्तर्गत मिति २०८२/१०/१५ गते नर्सिङ कर्मचारीका लागि प्रसुती पश्चात हुने उदासिनता (Post Partum Depression) सम्बन्धी सेसन संचालन गरिएको छ। २४ जना नर्सिङ कर्मचारी सहभागी रहेको उक्त कार्यक्रममा धौलागिरी प्रादेशिक अस्पतालका स्टाफ नर्स एवम psychological counsellor श्री रमना थापाले

सहजीकरण गर्नुभएको थियो। सेसनमा यसका कारण, असर, व्यवस्थापन र स्वास्थ्यकर्मीद्वारा ध्यान दिनुपर्ने कुराबारे प्रकाश पारिएको थियो। स्तनपान परामर्शकर्ताका लागि संचालन गरिएको तालिमका सहभागिलाई प्रदान गरिएको उक्त सेसनमा ६ हफ्ता र १० हफ्ताको खोप सेवा लिन आउने आमालाई Edinburgh Postnatal Depression Scale (EPDS) प्रयोग गरी postnatal depression को प्रारम्भिक पहिचान गर्ने निर्णय गरिएको छ। यश CPHE तथा intervention कार्यक्रमले पुर्ण स्तनपान गराउने आमाको संख्या समेत वृद्धि हुने अपेक्षा गरिएको छ।





## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### स्तनपान परामर्शकर्ताका लागि तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१०/१३ गते देखि १५ गते सम्म स्तनपान परामर्शकर्ताका लागि तालिम संचालन गरिएको छ। २४ जना नर्सिङ कर्मचारी सहभागी रहेको उक्त कार्यक्रममा धौलागिरी प्रादेशिक अस्पतालका नर्सिङ अधिकृत निरु श्रेष्ठ एवम प्रतीक्षा तिमल्सिनाले सहजीकरण गर्नुभएको थियो।

कार्यक्रमको औपचारिक सत्रको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य प्रशासक श्री प्रवीण शर्माले गर्नुभएको थियो। कार्यक्रम संचालन जनस्वास्थ्य निरिक्षक श्री लक्ष्मी शर्माले गर्नुभएको थियो भने कार्यक्रममा स्वागत तथा उद्देश्य मन्तव्य जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले राख्नुभएको थियो।

तीन दिन संचालन गरिएको उक्त कार्यक्रममा स्तनपान सम्बन्धी तथ्यांक, स्तनपान परामर्श गर्दा ध्यान दिनुपर्ने कुरा,आसन, पटक, समस्या एवम रेकर्डिङ तथा रिपोर्टिङ बारे छलफल गरिएको थियो।





## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### स्वास्थ्यकर्मिहरुका लागि स्तरिय उपचार पद्दति(BHS For STP)सम्बन्धि अभिमुखिकरण कार्यक्रम

प्रदेश स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१०/१४ देखि १६ गते सम्म स्वास्थ्यकर्मिहरुका लागि स्तरिय उपचार पद्दति(BHS For STP)सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको उदघाटन प्रदेश जनस्वास्थ्य कार्यालका प्रमुख जनस्वास्थ्य प्रशासक प्रविण शर्मा,स्वागत तथा उद्देश्य जनस्वास्थ्य अधिकृत समिता घिमिरे तथा सन्चालन देव प्रकाश घिमिरेले गर्नु भएको थियो भने सहजिकरण मादि आधारभुत अस्पतालका डा बिनोद बराल,

जनस्वास्थ्य अधिकृत समिता घिमिरे र आयुर्वेद अस्पतालका डा सरोज पन्थि तथा जनस्वास्थ्य कार्यालय बागलुङका देव प्रकाश घिमिरेले गर्नु भएको थियो। कार्यक्रममा बागलुङका दशवटा स्थानिय तहका २९ जना स्वास्थ्यकर्मिहरुको सहभागिता रहेका थियो ।अभिमुखिकरण, सामुहिक छलफल तथा प्रस्तुतिकरण बिधिबाट सन्चालन गरिएको यस कार्यक्रमले जनतालाई आधारभूत स्वास्थ्य सेवा स्तरिय पद्वति द्वारा प्रवाहमा महत्वपुर्ण योगदान पुराउने अपेक्षा राखिएको छ।





## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### जिल्ला खोप समन्वय समिति र संचारकर्मीहरुको लागि नियमित खोप कार्यक्रममा एच.पि.भी. खोप एवं पूर्ण खोप सुनिश्चितता तथा दिगोपना सम्बन्धी अभिमुखीकरण

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा आज मिति २०८२/१०/२५ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको सभा हलमा जिल्ला खोप समन्वय समिति र संचारकर्मीहरुको लागि नियमित खोप कार्यक्रममा एच.पि.भी. खोप एवं पूर्ण खोप सुनिश्चितता तथा दिगोपना सम्बन्धी अभिमुखीकरण बैठक सम्पन्न भएको छ । जिल्ला खोप समन्वय समितिका संयोजक एवं जिल्ला खोप समन्वय समितिका प्रमुख श्री अमर बहादुर थापाज्यूको अध्यक्षतामा बसेको उक्त बैठकमा २ वटा एजेण्डा माथि छलफल गर्दै "एच.पि.भी. खोप सेवा संचालन निर्देशिका २०८१" मा महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर रोग विरुद्धको एच.पि.भी. खोप नियमित खोप सेवामा समावेश गरी हरेक वर्षको फागुन महिनामा संचाल गर्ने उल्लेख भए अनुसार बागलुङ जिल्लाको १० वटै स्थानीय तहमा यही फागुन महिनाको १ गतेदेखि १५ गतेसम्म संचालन गरी विधालय अध्ययन गर्ने कक्षा ६ मा अध्ययनरत छात्रा तथा विधालय नजाने १० वर्षका किशोरी र गत वर्ष संचालित अभियानमा छुट हाल ७ देखि १० कक्षामा अध्ययनरत छात्रा र विधालय नजाने ११ देखि १४ वर्षका किशोरीलाई स्थानीय तहले तोकेको मिति र खोपकेन्द्रमा एच.पि.भी. खोप दिने र विगतका वर्षहरु जस्तै यस वर्ष पनि खोप छुट बालबालिकाको पहिचान गरी समयमै छुट खोप दिलाई सबै स्थानीय तहलाई बैशाख १५ भित्र पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम राख्नको लागि अनुरोध तथा पत्राचार गर्ने निर्णय गरीएको छ । उक्त बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी, धौलागिरी अस्पताल प्रमुख, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख, जिल्ला समन्वय अधिकारी लगायत जिल्ला खोप समन्वय समितिका अन्य पदाधिकारी र पत्रकारहरुको सहभागीता रहेको थियो ।






## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### स्वास्थ्यकर्मीलाई MPDSR सम्बन्धि अभिमुखिकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१०/२३ र २४ गते गलकोट नगरपालिकाका २३ जना स्वास्थ्यकर्मीलाई MPDSR सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ। गलकोट नगरपालिका स्वास्थ्य शाखा, गलकोट नगर अस्पताल, स्वास्थ्यचौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र एवम सामुदायिक स्वास्थ्य इकाईका स्वास्थ्यकर्मीको उपस्थिती रहेको थियो। औपचारिक सत्रबाट सुरुवात गरिएको उक्त कार्यक्रमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका तथ्यांक अधिकृत श्री घनश्याम सापकोटाले गर्नुभएको थियो भने कार्यक्रममा स्वागत तथा उद्देश्य मन्तव्य प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरीक्षक श्री लक्ष्मी शर्माले राख्नुभएको थियो। कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरे एवम जनस्वास्थ्य निरीक्षक श्री लक्ष्मी शर्माले गर्नुभएको थियो। कार्यक्रममा MPDSR को परिचय, महत्व, विभिन्न तहका समितिको काम,कर्तव्य र अधिकार, नोटिफिकेसन, स्कृनिङ र भर्बल अटप्सी गर्ने तरिका, एवम कार्ययोजना निर्माण र कार्ययोजनाको कार्यान्वयनबारे अभिमुखिकरण गरिएको थियो। कार्यक्रम पश्चात सम्पुर्ण स्वास्थ्य संस्थामा स्वास्थ्य संस्था स्तरिय MPDSR समिती गठन गर्ने, म.स्वा.सेवाको अभिमुखिकरण गर्ने आदि कार्ययोजना निर्माण गरिएको छ।

MPDSR संगसंगै प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले गलकोट नगरपालिका संगको समन्वयमा perinatal तथा neonatal death surveillance and response को कार्यक्रम पनि अघि बढाइएको छ। सन् २०१६ को ndhs प्रतिवेदनअनुसार neonatal mortality rate प्रती लाख जनसंख्यामा २१ रहेकोमा सो तथ्यांकमा सन २०२२ को सर्भेमा पनि सुधार नदेखिनु र त्यसयता पनि यस संख्यामा सुधार नहुनुले यस क्षेत्रको समस्या पहिचान, समीक्षा र प्रतिकार्य आवश्यक देखिएको हुनाले उक्त कार्यक्रमको सुरुवात गरिएको हो।





## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

### एच.आई.भि सम्बन्धी लान्छना र भेदभाव सम्बन्धी अभिमुखिकरण कार्यक्रम

प्रदेश स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८२/१०/२६ गतेका दिन एचआईभि सम्बन्धी लान्छना र भेदभाव सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको उदघाटन प्रदेश जनस्वास्थ्य कार्यालका प्रमुख जनस्वास्थ्य प्रशासक प्रविण शर्मा,स्वागत तथा उद्देश्य जनस्वास्थ्य अधिकृत समिता घिमिरे तथा संचालन देव प्रकाश घिमिरेले गर्नु भएको थियो। कार्यक्रममा सहजिकरण जनस्वास्थ्य अधिकृत समिता घिमिरे र जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्मा तथा वरिष्ठ क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले गर्नु भएको थियो। कार्यक्रममा बागलुङ नगरपालिकाका १,२,३

र ४ का वडाध्यक्ष,जनप्रतिनिधि,जिल्ला प्रहरी कार्यालयका नेपाल प्रहरि सन्चारकर्मिहरु तथा एचआईभिको क्षेत्रमामा काम गर्ने सहित २४ जनाको सहभागिता रहेका थियो ।एच आई भि सम्बन्धि लान्छना तथा भेदभावको बारेमा गरिएको अभिमुखिकरण सामुहिक छलफल तथा प्रस्तुतिकरण विधिबाट संचालन गरिएको उक्त कार्यक्रम पश्चात लान्छना र भेदभाव न्युनिकरणमा सहयोग पुग्ने छ।





| प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम |
| --- |
| सुर्तिजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रण सम्बन्धी जिल्ला स्तरीय समितिको बैठक |

प्रदेश जनस्वास्थ्य कार्यालय बाग़लुंग को आयोजनामा मिति २०८२/१०/२७ गतेका दिन सुर्तिजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रण सम्बन्धी जिल्ला स्तरीय समितिको बैठक सम्पन्न भएको छ । बैठक सहायक प्रमुख जिल्ला अधिकारी श्री नबराज बराल ज्यू को अध्यक्षता तथा समितिका सदस्यहरू र अन्य सरोकारवालहरुको उपस्थितिमा सन्पन्न भएको थियो।बैठकमा सुर्तिजन्य पदार्थ तथा मदिरा नियमन र नियन्त्रणका लागी अपनाउने क्रियाकलाप तथा अनुगमन सम्बन्धमा छलफल भएको थियो।




| प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम |
| --- |
| मानसिक स्वास्थ्य प्रवर्धन र आत्महत्या रोकथामका लागि संचारकर्मीलाई संवेदनशिल रिपोर्टिंग सम्बन्धि अभिमुखिकरण कार्यक्रम |

मिति २०८२।१०। २७ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङको सभाहलमा यस जिल्लामा विभिन्न मिडियामा क्रियाशिल संचारकर्मी पत्रकारज्यूहरुलाई मानसिक स्वास्थ्य प्रवर्धन र आत्महत्या रोकथामका लागि संचारकर्मीहरुलाई संवेदनशिल रिपोर्टिङ सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरि सम्पन्न गरिएको छ । कार्यक्रममा बागलुङमा विभिन्न मिडियामा कार्यरत २२ जना संचारकर्मी पत्रकारहरु सहित धौलागिरी प्रादेशिक अस्पताल, प्रादेशिक आयूवेद अस्पताल तथा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ र बागलुङ नगरपालिकाका स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो । प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख, जनस्वास्थ्य प्रशासक श्री प्रविण शर्माज्यू को अध्यक्षतामा संचालित उक्त कार्यक्रममा विशेष

अतिथि लगायत अन्य अतिथिहरु र सहभागीहरुलाई कार्यालयका वरिष्ठ क्षय कुष्ठ निरिक्षक श्री देव प्रकाश घिमिरेले स्वागत गर्दै कार्यक्रमको उद्देश्यको बारेमा प्रकाश पार्नुभएको थियो भने, कार्यक्रम जनस्वास्थ्य अधिकृत श्री टिकाराम भण्डारीले संचालन गर्नु भएको थियो ।


उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक श्री वसन्त पाण्डेले जिल्लामा आत्महत्याको अवस्था र यसका कारणहरुको वारेमा, धौलागिरी प्रादेशिक अस्पताल बागलुङका मेडिकल अधिकृत डा श्री सरोज पजियारले मानसकि रोग र यसका कारणहरुका बारेमा, प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री समिता घिमिरेले मानसिक स्वास्थ्य प्रवर्धन र आत्महत्या रोकथामका लागि संचारकर्मीहरुलाई संवेदनशिल रिपोर्टिङ सम्बन्धी सेसनहरु संचालन गर्नु भएको थियो । कार्यक्रम संचालन गर्दा अन्तरक्रियात्मक प्रस्तुतिकरणका साथै प्रश्नोत्तर तथा समुह छलफल विधि अपनाईएको थियो । कार्यक्रममा मानसिक रोग तथा आत्महत्या सम्बन्धी समाचारहरु सम्प्रेषण गर्दा अपनाउन पर्ने संवेदनशिलताको वारेमा छलफल भएको, मानससिक रोग अनि आत्महत्याको बारेमा सकारात्मक जनचेतना फैलाउन सहयोग पुग्ने खालका समाचारहरु प्रेषण गर्ने बारेमा छलफल गरिएको हुनाले समुदायमा मानसिक स्वास्थ्य सम्बन्धी सकारात्मक जनचेतना फैलाउन सहयोग हुने र आत्महत्या रोकथाम तथा न्युनिकरणमा सहयोग पुग्ने अपेक्षा राखिएको छ।






| प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा माघ महिनामा सम्पादित कार्यक्रम |
| --- |
| महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि OCMC सम्बन्धि अभिमुखीकरण |

बागलुङ जिल्लाका ९६० जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि OCMC सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले सुरु गरेको शुन्य बजेटका कार्यक्रम अन्तर्गत माघ महिनाको मासिक भर्चुअल सेसन यहि मिति २०८२ माघ २९ गते संचालन भएको छ जसमा जिल्लाका सम्पूर्ण महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको उपस्थिति रहेको थियो भने सहजीकरण धौलागिरी प्रादेशिक अस्पताल बागलुङका चिकित्सक डा. सन्दिप के.सी. ले गर्नु भएको थियो।







## बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा माघ महिनामा सम्पादित कार्यक्रम

## बागलुङ नगरपालिका

- स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा बैठक सम्पन्न।
- नियमित खोप कार्यक्रममा पूर्ण खोप दिगोपना कायम गर्न पालिका स्तरीय अभिलेखीकरण बैठक सम्पन्न।
- खोप कार्यक्रमको घरधुरी सर्वेक्षण सम्पन्न।
- HPV खोप कार्यक्रमको पालिका स्तरीय अभिमुखीकरण बैठक सम्पन्न।
- प्रजनन रूगणता सम्बन्धी स्क्रिनिङ शिविर सम्पन्न।
- नसर्ने रोगको स्क्रिनिङ शिविर सम्पन्न।
- सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियगमन सम्बन्धी अभिमुखीकरण सम्पन्न।
- आयोडिन सप्ताहमा विभिन्न कार्यक्रम सम्पन्न।
- जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम सम्पन्न।
- असल खानपान सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजनामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई आधारभूत तालिम सम्पन्न।
- बाग्लुङ नगरपालिकाको आयोजना र प्रदेश जन स्वास्थ्य कार्यालय को सहयोगमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको बाग्लुङ नगरपालिका स्तरीय सम्मेलन सम्पन्न ।

## गलकोट नगरपालिका

- गलकोट नगरपालिकाको आयोजनामा प्रजनन स्वास्थ्य रुग्नता सम्बन्धी समुदाय स्तरमा १९९ जना महिलाहरुमा स्क्रिनिङ कार्यक्रम सम्पन्न।
- बालरोग एकिकृत व्यवस्थापन कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न।
- ९८ प्रतिशत प्राप्ताङ्क सहित नरेठाँटी स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड मुल्याङ्कन कार्यक्रम सम्पन्न।
- किशोरावस्थामा देखा पर्ने शारीरिक तथा भावनात्मक परिवर्तन र उक्त परिवर्तनका कारण देखा पर्न सक्ने मानसिक स्वास्थ्य समस्याहरुको व्यवस्थापन, महिनावारी स्वच्छता प्रवर्दन तथा बालबिवहा रोकथाम सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न।
- मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्बन्धि समुदाय स्तरमा जनचेतनामुलक अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- PAMS V2 सम्बन्धि स्वास्थ्यकर्मिहरुको लागि २ दिन अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- एच. पि. भि. खोप अभियान सम्बन्धि पालिका स्तरिय खोप समन्वय समिति तथा स्वास्थ्यकर्मीहरुका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न।

## जैमिनी नगरपालिका

- पौष महिनामा संम्पादित स्वास्थ्यका कार्यक्रमको समिक्षा तथा डाटा भेरिफिकेसन सम्पन्न।
- HPV खोप अभियान तथा पूर्ण खोप सुनिश्चितता सम्बन्धि पालिका स्तरिय खोप समन्वय समितिको लागि अभिमुखिकरण र योजना तर्जुमा गोष्ठि सम्पन्न।
- वडा स्तरिय खोप समन्वय समिति तथा सररोकारवालाहरुको समन्वय बैठक तथा अभिमुखिकरण सम्पन्न।
- सबै वडामा महिला सामुदायीक स्वास्थ्य स्वयंम सेविकाहरूको मासिक समिक्षा सम्पन्न।

## ढोरपाटन नगरपालिका

- नसर्ने रोगको एकीकृत स्वास्थ्य परिक्षण कार्यक्रम (१ महिने अभियान) अन्तरगत सम्पुर्ण वडाहरुमा ४० बर्ष माथिका व्यक्तिहरुको स्वास्थ्य परिक्षण, परामर्श, उपचार तथा प्रेषण।
- मातृशिशु कार्यक्रमको दोश्रो त्रैमासिक समिक्षा सम्पन्न।
- HPV खोप तथा पुर्ण खोप सुनिश्चितता/दिगोपना सम्बन्धी पालिका स्तरिय खोप समन्वय समिति अभिमुखिकरण।
- स्वास्थ्य संस्था प्रमुख एवम खोप कार्यकर्ताहरुको लागि नियमित खोप सुदृढीकरण तथा सूक्ष्म योजना तर्जुमा कार्यक्रम सम्पन्न।
- HPV खोप एवम पुर्ण खोप सुनिश्चितता तथा दिगोपना सम्बन्धी वडा स्तरिय खोप समन्वय समितिहरुको अभिमुखिकरण कार्यक्रम सम्पन्न।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हरुको लागि नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- विद्यालयमा मानसिक स्वास्थ्य, किशोर किशोरी स्वास्थ्य तथा आयोडिन सम्बन्धि सचेतना कार्यक्रम संचालन।

- CBIMNCI स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न।
- समुदाय स्तरमा सुधारियको चुल्हो बनाउने तालिम तथा सुनौलो हजारदिनका आमाहरुलाइ तरकारी खेती, जैविक बिषाधी बनाउने सम्बन्धी तालिम संचालन।
- वडा स्तरिय खाध्य सुरक्षा समितिको अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- विपन्न परिवारलाइ WASH सामग्री वितरण।
- लागू पदार्थ दुर्व्यसनी, किशोरकिशोरी स्वास्थ्य सम्बन्धी विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न।

## निसिखोला गाउँपालिका

- स्वास्थ्य संस्थाका प्रमुख हरुको मासिक बैठक २-HPV तथा पुर्णखोप अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- निसी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा VIA Screening जसमा १६७ जनाले सेवा पाएका थिए।
- बोहोरागाउँ स्वास्थ्य चौकी न्यन्तम सेवा मापडण्ड जसमा उक्त स्वास्थ्य चौकीद्वारा ८८ अङ्क हासिल गरिएको।
- VIA तथा नसर्ने रोग सम्बन्धी महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुको अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- किशोर किशोरीलाई बाल विवाह, पोषण, प्रजनन क्षमता, किशोरी र कोशोरमा हुने परिवर्तन ,आत्माहत्या न्यूनिकरण जस्ता शिक्षा इत्यादि विषयमा शिक्षा प्रदान गरिएको थियो।

## बडीगाड गाउँपालिका

- HPV खोप तथा पुर्ण खोप सुनिश्चितता/दिगोपना सम्बन्धी पालिका स्तरिय खोप समन्वय समितिको अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- स्वास्थ्य संस्था प्रमुख एवम खोप कार्यकर्ताहरुको लागि नियमित खोप सुदृढीकरण तथा सूक्ष्म योजना तर्जुमा कार्यक्रम सम्पन्न।
- CBIMNCI स्थलगत अनुशिक्षण सम्पन्न।
- स्वास्थ्य संस्था प्रमुख हरुको मासिक सनिक्षा बैठक सम्पन्न।
- वडा न ३ सिसाखानी स्वास्थ्य चौकी लाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा।
- वडा न. ३ सिसाखानी स्वास्थ्य चौकीमा एकिकृत जनस्वास्थ्य अभियान अन्तर्गत एकिकृत घुम्ति स्वास्थ्य सेवा सम्पन्न।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सिसाखानी स्वास्थ्य चौकी र जलजला सामुदायिक स्वास्थ्य इकाईमा संचालन।

## काठेखोला गाउँपालिका

- पौष महिनामा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको मासिक समीक्षा कार्यक्रम संचालन।
- सरोकारवालाहरु तथा स्वास्थ्यकर्मीहरुका लागि AMR सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन।
- HPV खोप तथा पूर्ण खोप सुनिश्चितता/दिगोपना सम्बन्धी पालिका तथा वडा खोप समन्वय समिति एवं सरोकारवालाहरुका लागि अभिमुखिकरण संचालन।।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन।
- VIA परीक्षण कार्यक्रम संचालन।

## बरेङ गाउँपालिका

- CBIMNCI कार्यक्रमको अर्ध वार्षिक समिक्षा सम्पन्न।
- MNH कार्यक्रमको अभिमुखीकरण कार्यक्रम संचालन।
- नसर्ने रोगको समुदाय स्तरीय स्कृनिङ कार्यक्रम संचालन।
- मासिक समिक्षा, PAMS v2, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन कार्यक्रम संचालन।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
- HPV खोप अभियान तथा पुर्णखोप दिगोपना सुनिश्चितता सम्बन्धी पालिका स्तरीय अभिमुखिकरण र योजना तर्जुमा कार्यक्रम संचालन।

- CBIMNCI Onsite Coaching (स्थलगत अनुशिक्षण) कार्यक्रम सम्पन्न।
- लेखानी स्वास्थ्य चौकीमा MSS कार्यक्रम संचालन।
- नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सम्पन्न।
- बिहुँ स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा संचालन गरीएको।
- कुष्ठ रोग दिवस लगायतका कार्यक्रम संचालन गरिएको
- मृगौला तथा क्यान्सर रोगीको उपचार खर्च भुक्तानी सम्पन्न।

## तमानखोला गाउँपालिका

- स्वास्थ्य संसस्थाहरूले  पौष महिनामा सम्पादित कार्यक्रमहरुको मासिक समीक्षा , डाटा भेरिफिकेसन तथा भ्यालिडेसन सम्पन्न।
- नर्जाखानी आधारभूत स्वास्थ्य सेवा केन्द्रको एकिकृत अनुगमन तथा पृष्ठपोषण सम्पन्न।
- वडा स्तरीय नागरिक आरोग्य समूह गठन तथा आयुर्वेदिक जिवनशैली सम्बन्धी अन्तरक्रिया कार्यक्रम।
- नियमित खोप सुदृढीकरण तथा सुक्ष्मयोजना अद्यावधिकका लागि पालिका स्तरमा समीक्षा , विद्यालयमा आधारित नियमित एच. पी. भि. खोपका लागि योजना गोष्ठी सम्पन्न।
- समुदाय स्तरमा नसर्ने रोगको स्क्रिनिङ तथा सचेतना कार्यक्रम सम्पन्न।

## ताराखोला गाउँपालिका

- मासिक समिक्षा बैठक सम्पन्न।
- प्रजनन रुग्णता सेवा अन्तर्गत ३० वर्ष माथिका महिलाहरूको पाठेघरको क्यान्सर र स्तन क्यानसर्को स्क्रिनिङ कार्यक्रम सम्पन्न।
- नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सम्पन्न।
- निशुल्क ग्रामीण भिडियो एक्सरे कार्यक्रम सम्पन्न।
- राष्ट्रिय खोप कार्यक्रमको समिक्षा तथा HPV खोप र पूर्ण खोप युक्त गाउँपालिकाको लागि सूक्ष्म योजना कार्यक्रम सम्पन्न।
- अन्य नियमित कार्यक्रमहरू सम्पन्न।



# बिदाई तथा फेरि भेटौला कार्यक्रम!



बिदाई तथा फेरि भेटौला कार्यक्रम-मिति २०८२/१०/०६


प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङबाट सरुवा भई भेटनरी अस्पताल तथा पशु सेवा कार्यालय बागलुङमा जानुभएका प्रशासन अधिकृत श्री सफल शर्मा ज्युलाई फेरि भेटौला कार्यक्रम गरिएको छ। सरलाई आगामी दिनहरुमा सफलता एवम उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना।

# स्वास्थ्य सम्बन्धी आपतकालीन नम्बरहरु

| क्र.स. | कस्तो अवस्थामा | सम्पर्क नम्बरहरु | सम्बन्धित निकाय |
|---|---|---|---|
| १. | दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार गर्नु परेमा | ९८५१२५५२५४<br>०१-४२००३२८<br>०१-४२००३३७ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं |
| २. | आत्महत्या तथा आत्महानिको सोच आएमा ती सोचलाई हटाउनको लागि नमस्ते र NCELL नेटवर्कबाट दिइएको हेल्पलाईनामा कल गरी २४ सै घण्टा निःशुल्क सेवा लिन | ११६६ | मानसिक अस्पताल लगनखेल र टि.पि.ओ. नेपाल |
| ३. | कुनै अनपेक्षित जनस्वास्थ्य घटना, रोग सम्बन्धी लक्षण देखिएमा | हेल्लो स्वास्थ्य १११५ | ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा |
| ४. | तत्काल प्रहरीको सहयोग चाहिएमा | १०० | नेपाल प्रहरी |
| ५. | तत्काल दमकल सेवा | १०१ | जुद्ध बारुण यन्त्र |
| ६. | तत्काल एम्बुलेन्स सेवा चाहिएमा | १०२ | नेपाल एम्बुलेन्स सेवा |
| ७. | विपद सम्बन्धी सूचना, जानकारी र उद्धारका लागि | ११४९ | राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र |
| ८. | मौसम तथा बाढी सम्बन्धी जानकारीको लागि | ११५५ | जल तथा मौसम विज्ञान विभाग |
| ९. | बालबालिकामाथि हुने दुर्व्यवहार, बेवास्ता, शोषण, हिंसा तथा हेरचाह, परामर्श, र बाल हेल्पलाइनको लागि | १०९८ | राष्ट्रिय बाल अधिकार परिषद् |
| १०. | लैंङ्गिकतामा आधारित हिंसा वा महिला हिंसा भएको खण्डमा सहयोग लिन | ११४५ | राष्ट्रिय महिला आयोग |

E-HEALTH NETWORK
SHISIRADHIKARI.COM.NP













## सुझाव र प्रतिक्रियाका लागि

baglungdho@gmail.com

hobaglung.gandaki.gov.np

068-520308

प्रकाशित मितिः २०८२ फागुन १